# परिवर्तनका बारेमा रिपोर्ट गर्ने सम्झौता

*यो सम्झौता निम्न सुविधाहरूसँग सम्बन्धित छ: 3SquaresVT, इन्धन सहायता (Fuel Assistance), रिच फर्स्ट (Reach First), रिच अप (Reach Up), रिच अहेड (Reach Ahead), अत्यावश्यक व्यक्ति (Essential Person) र पोस्टसेकेण्डरी शिक्षा (Postsecondary Education,PSE) ।*

**यदि मैले 3SquaresVT सुविधाहरू प्राप्त गर्ने (वा त्यसका लागि आवेदन दिएको) भएमा:**

म सरलिकृत रिपोर्टिङका लागि योग्य छु र मैले निम्नमध्ये कुनै पनि परिवर्तनहरू भएको महिनापछि अनिवार्य रूपमा 10 दिनभित्र रिपोर्ट गर्नुपर्छ:

- मेरो घरपरिवारको आय सङ्घीय गरिबी स्तरको 130% पुग्दा (पछाडिको भागमा रहेको 3SquaresVT कुल आय चार्ट हेर्नुहोस्); वा
- सीमित समय भएका सेवाग्राहीको काम गर्ने समय प्रति हप्ता 20 घण्टा/प्रति महिना 80 घण्टाभन्दा तल घट्दा ।

**यदि मैले 3SquaresVT सुविधाहरू प्राप्त गर्ने (वा त्यसका आवेदन दिएको) भएमा मात्र:**
म सरलिकृत रिपोर्टिङका लागि योग्य छु । माथिको रिपोर्टिङका आवश्यकताहरू हेर्नुहोस् ।

**यदि मैले माथि सूचीबद्ध सुविधाहरूमध्ये (3SquaresVT बाहेक) कुनै पनि सुविधा प्राप्त गर्ने (वा त्यसका लागि आवेदन दिएको) भएमा:**
मैले मेरो घरपरिवारमा हुने निम्न परिवर्तनहरूका बारेमा अनिवार्य रूपमा 10 दिनभित्र रिपोर्ट गर्नुपर्छ:

- जीवनयापनको अवस्था: म बस्ने ठाउँ, मेरो ठेगाना, मसँग बस्ने मानिसहरू, मेरो घरलाई कसरी न्यानो राखिन्छ र मेरो घरलाई न्यानो राख्ने इन्धन कसले आपूर्ति गर्छ ।
- आय: कुनै पनि स्रोतबाट आय बढ्ने वा घट्ने: नयाँ रोजगार पाएको वा रोजगार गुमाएको, आयको नयाँ स्रोत, बच्चाको भरणपोषण खर्च, सामाजिक सुरक्षा, पेन्सन, बेरोजगारी क्षतिपूर्ति, लटरी वा बिङ्गो जितेको, एकमुष्ट रकमको भुक्तानी, अपुताली वा उत्तराधिकार वा बीमा सम्झौताहरू ।
- खर्चहरू (रिच अहेड र इन्धन सहायताबाहेक): आफैं तिनुपर्ने बाल वा वयस्क आश्रित स्याहार खर्चहरू वा बच्चाको भरणपोषण खर्चको भुक्तानी ।
- स्रोतहरू (रिच अहेड र इन्धन सहायताबाहेक): बचत, सम्पत्ति वा सवारी साधनहरू ।
- अन्य परिवर्तनहरू: मेरो घरपरिवारमा कसैको बच्चा भएमा वा कसैले विवाह गरेमा ।

**यदि मैले रिच फर्स्ट, रिच अप, रिच अहेड र पोस्टसेकेण्डरी शिक्षा प्राप्त गर्ने (वा त्यसका लागि आवेदन दिएको) भएमा:**

मैले निम्न कुराहरू हुँदा पनि अनिवार्य रूपमा रिपोर्ट गर्नुपर्छ:
- मेरो बच्चाको आमा वा बुवा मेरो घरमा पुन: फर्किँदा वा उहाँको परिस्थितिमा आउने परिवर्तनहरूले मेरो बच्चालाई असर पार्दा ।
- मेरो भाडा वा आवासका अन्य खर्चहरू परिवर्तन हुँदा (रिच अहेडबाहेक) ।
- मेरो घरपरिवारको नगद, स्टक, बन्ड र बैङ्कमा भएको पैसा कुल $9,000 वा सोभन्दा बढी हुँदा (रिच अहेडबाहेक) ।

**म निम्न कुराहरू बुझ्छु:**

- ✦ आवेदनमा हस्ताक्षर गरेर झुटो ठहरिएमा सजाय पाउने कानुनअन्तर्गत म यो वाचा गर्छु कि आवेदनमा उपलब्ध गराइएको जानकारी मलाई ज्ञात र विश्वास भएसम्म सही तथा पूरा छन् । मैले आवेदनमा भएका अधिकार तथा जिम्मेवारीहरू पनि पढेको तथा बुझेको छु र म तिनीहरूमा सहमत छु ।
- ✦ मैले माथि व्याख्या गरिएको समय सीमाभित्र मेरो परिस्थितिमा हुने परिवर्तनहरूका बारेमा डिपार्टमेन्ट अफ चिल्ड्रेन एण्ड फ्यामिलिज (बालबालिका तथा परिवार विभाग) को इकोनोमिक सर्भिस डिभिजन (आर्थिक सेवा महाशाखा) (Economic Services Division, ESD) लाई अनिवार्य रूपमा सूचित गर्नुपर्छ ।
- ✦ मैले बेनिफिट्स सर्भिस सेन्टर (सुविधा सेवा केन्द्र) लाई 1-800-479-6151 मा फोन गरेर वा एप्लिकेसन एण्ड प्रोसेसिङ सेन्टर (पछाडिको भागमा भएको ठेगाना) लाई परिवर्तनका बारेमा रिपोर्ट गर्ने फाराम वा लिखित नोट हुलाकमार्फत पठाएर परिवर्तनहरूका बारेमा रिपोर्ट गर्न सक्छु ।
- ✦ यदि रिपोर्ट गर्नुपर्ने जानकारीको प्रकारका बारेमा मेरो कुनै पनि सन्देह भएमा मैले अनिवार्य रूपमा ESD लाई सम्पर्क गर्नुपर्छ ।
- ✦ यदि मैले म हकदार नभएको रिच फर्स्ट, रिच अप, रिच अहेड, PSE, इन्धन वा 3SquaresVT सुविधाहरू प्राप्त गरेमा तिनीहरूको पैसा फिर्ता तिर्न मबाट अपेक्षा राखिन सकिन्छ भन्ने कुरा म बुझ्छु ।
- ✦ यदि मैले यी नियमहरू उल्लङ्घन गरेमा मलाई जालसाजी वा अन्य प्रशासनिक दण्डका लागि अभियोग लगाउन सकिन्छ ।

**पछाडिको भागमा रहेको 3SquaresVT कुल आय चार्ट हेर्नुहोस् ।**

***कृपया आफ्ना रेकर्डहरूका लागि यो जानकारी आफूसँग राख्नुहोस् ।***

# 3SquaresVT कुल आय चार्ट

तलको चार्टको बायाँपट्टीको स्तम्भमा, आफ्नो घरपरिवारमा 3SquaresVT मा रहेका मानिसहरूको सङ्ख्या पत्ता लगाउनुहोस् । यदि तपाईंको घरपरिवारको आय यो रकमभन्दा बढी भएमा तपाईंले सुरुको पृष्ठमा दिइएको निर्देशनअनुसार ESD लाई अनिवार्य रूपमा रिपोर्ट गर्नुपर्छ ।

आयमा ज्याला, स्वरोजगार, सामाजिक सुरक्षा, बेरोजगारी क्षतिपूर्ति, बच्चाको भरणपोषण खर्च, पेन्सन, लटरी वा बिङ्गो जितेको, एकमुष्ट रकमको भुक्तानी, अपुताली वा उत्तराधिकार वा बीमा सम्झौताहरू पर्दछन् । “कुल” को अर्थ करहरू लिनुअघिको हो ।

परिवर्तनहरूका बारेमा रिपोर्ट गर्नका लागि तपाईंले बेनिफिट्स सर्भिस सेन्टरलाई 1-800-479-6151 मा फोन गर्न वा निम्नमा लिखित नोट वा परिवर्तनका बारेमा रिपोर्ट गर्ने फाराम हुलाकमार्फत पठाउन सक्नुहुन्छ:

**DCF – Economic Services Division**
**Application and Document Processing Center**
**280 State Drive**
**Waterbury, VT 05671-1500**

तपाईंले 1-800-479-6151 मा फोन गरेर वा फाराम प्रिन्ट गर्न myBenefits.vt.gov मा गएर परिवर्तनका बारेमा रिपोर्ट गर्ने फाराम प्राप्त गर्न सक्नुहुन्छ ।

| परिवारको आकार | गरीबी स्तरको 130% अधिकतम कुल मासिक आय |
|---|---|
| 1 | $1,580.00 |
| 2 | $ 2,137.00 |
| 3 | $ 2,694.00 |
| 4 | $ 3,250.00 |
| 5 | $ 3,807.00 |
| 6 | $ 4,364.00 |
| 7 | $ 4,921.00 |
| 8 | $ 5,478.00 |
| 9 | $ 6,035.00 |
| 10 | $ 6,592.00 |

| | |
|---|---|
| **प्रत्येक थप सदस्य** | $557.00 थप्नुहोस् |